माण्डवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्युठान

लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६

Website: www.mandavimun.gov.np

E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## करार सेवामा शिक्षक पदपूर्तिका लागि दरखास्त आव्हानको सूचना

तेश्रो पटक प्रकाशित मिति: २०८०/०७/१२

माण्डवी गाउँपालिकाको निर्णय अनुसार यस गाउँपालिका अन्तर्गत रहेको श्री बागीश्वरी माध्यमिक विद्यालयमा रिक्त रहेको तपशिल बमोजिमको पदमा खुल्ला प्रतियोगितात्मक लिखित परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो विज्ञापनद्वारा प्रथम र दोश्रो पटक दरखास्त आव्हान गरिएकोमा तोकिएको मिति सम्म कुनै पनि दरखास्त पर्न नआएकोले पुनः तेश्रो पटक दरखास्त आव्हान गरिएको छ। देहाय बमोजिमका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम यस कार्यालयको वेबसाइट **www.mandavimun.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

**तपशिल**

**१. पदको विवरण**

| क्र स. | विज्ञापन नं. | पद | तह | विषय | पद संख्या | परीक्षा दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| ०१ | ०३/०८०/८१ | गा.पा अनुदान शिक्षक | मा.वि. | विज्ञान | १ (एक) | १०००/- |

**२.आवश्यक न्युनतम शैक्षिक योग्यता :** नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषय लिई स्नातक तह उत्तीर्ण गरेको।

**३. आवश्यक कागजात:** (क) नेपाली नागरिकताको प्रमाण पत्र (ख) हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो (ग) शैक्षिक योग्यताको प्रमाण पत्र (घ) अनुभव भए सो को कागजात ङ) दरखास्त दस्तुर बुझाएको नगदी रसिद, उल्लेखित प्रमाण-पत्रका प्रतिलिपिहरू १ प्रति स्वयंम प्रमाणित गरि दरखास्त साथ यस गाउँपालिकाको कार्यालयमा उपस्थित भई पेश गर्न सकिनेछ।

**४. परीक्षाको किसिम:** लिखित र अन्तर्वार्ता ।

**५. दरखास्त दिने अन्तिम मिति:** २०८०/०७/१८ गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन।

**६.सम्पर्क मिति :** २०८०/०७/२० गते, परीक्षाको मिति सम्पर्क मितिमा तोकिनेछ।

**७. उमेरको हद:** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

**८. तलब स्केल :** गाउँपालिकाको नियम अनुसार।

**९. करार अवधि :**२०८० पौष मसान्त सम्म।

**१०. थप जानकारीको लागि सम्पर्क नं :**९८५७८३६००६ मा सम्पर्क गर्न सक्नुहुनेछ।

..................

**बलराम पौडेल**

**नि. प्रमुख प्रशासकीय अधिकृत**